# जानकी विवाह महोत्सवमा मुग्ध जनकपुरधाम

मिथिलेश यादव / सुरेन्द्र यादव

*जनकपुरधाम, मंसिर ८*

*अवध नगरिया से चलली बरियतिया*
*हे सुहावन लागे।*
*जनक नगरिया भइले शोर*
*हे सुहावन लागे...*

मिथिला तथा भोजपुरा क्षेत्रको विवाहमा गाइने यी र यस्तै गीतले गुञ्जायमान छ जनकपुरधाम। रामजानकी विवाह पञ्चमी महोत्सवअन्तर्गत जनकपुरधाममा सप्ताहव्यापी कार्यक्रमले रौनकता बढाएको छ । विवाह पञ्चमी महोत्सवका लागि जनकपुरको जानकी मन्दिर झकिझकाउ पारिएको छ।

जनकपुरधामका (मिथिला) राजा जनककी छोरी सीता र अयोध्याका राजा दशरथका छोरा रामबिच त्रेता युगमा भएको भनिएको बिहेको सम्झनास्वरूप हरेक वर्ष जनकपुरधाममा रामजानकी विवाह उत्सव मनाइन्छ । मधेस सरकारले मंगलबार विवाहपञ्चमीका अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिएको छ।



सप्ताहव्यापी विवाहपञ्चमी महोत्सव बिहीबारदेखि नै सुरु भएको छ। महोत्सवका प्रत्येक कार्यक्रम महत्त्वपूर्ण र रोमाञ्चक हुन्छन् । महोत्सवको पहिलो दिन नगर दर्शन सम्पन्न भयो। यस दिन राम-सीताको प्रतिमा र झाँकीलाई बाजागाजाका साथ नगर परिक्रमा गराइएको थियो।

दोस्रो दिन फूलबारी लीला मनाइएको छ । राम अयोध्याबाट आएपछि सीतालाई फूलबारीमा पहिलोपटक हेरेको सम्झनास्वरूप फूलबारी लीला गरिन्छ । मौलिक मैथिली लोकगीत गाएर राम-सीताको प्रतीक मानिएका दुई बालबालिकालाई शृंगार गरी फूलबारीमा घुमाइन्छ। यो विधि जानकी मन्दिरसँगै रहेको विवाहमण्डपमा हुन्छ।

फूलबारीमा राम-सीताको पहिलो भेट भएपछि नै दुवैबिच प्रेम सम्बन्ध जुटेको मान्यता छ। तेस्रो दिन बिहीबार धनुष यज्ञको विधि भएको छ। सीता स्वयम्बरका लागि राजा जनकले शिवको धनुषमा ताँदो चढाउने सर्त राखेको स्मरणस्वरूप सोही लीलालाई प्रदर्शन गर्दै आएको छ।

चौथो दिन आइतबार तिलकोत्सव मनाइएको छ। विवाह महोत्सवको मुख्य आकर्षणमध्ये एक हो तिलकोत्सव । राम मन्दिरको प्रांगणको तिलकोत्सव मञ्चलाई जानकी मन्दिरबाट वरपक्ष राम मन्दिरलाई पठाएको एक सयभन्दा बढी भार (कोसेली) सहित सजाइन्छ। सोही क्रममा जानकी मन्दिरका महन्थ र राम मन्दिरका महन्थबिच सम्धी मिलान समारोहसमेत गरिन्छ । सम्धी मिलन मिथिलाको वैवाहिक उत्सवमा विशेष संस्कृति हो।

पाँचौं दिन सोमबार मटकोरको विधि मनाइएको छ । यस विधिमा विवाहमण्डप बनाउन पवित्र जलाशय गंगासागरबाट माटो ल्याइन्छ । सोही माटोले विवाहको वेदीलाई लिप्ने गरिन्छ। छैटौं दिन मंगलबार साताव्यापी महोत्सवको मुख्य आकर्षण राम-सीताको स्वयम्बर हुन्छ।

यस दिन राम-सीताको डोलालाई हजारौं श्रद्धालुहरूका साथमा रंगभूमि मैदान लगिन्छ । सोही मैदानमा जानकीको डोलाले रामको डोलालाई चारपटक परिक्रमा गरी माला लगाउने परम्परा छ। साँझमा मन्दिरको प्रांगणमा अवस्थित विवाहमण्डपमा राम-सीताको प्रतिमाबिच वैवाहिक विधि सम्पन्न गरिन्छ।

अन्तिम दिन बुधबार रामकलेवा मनाइन्छ। यसलाई मैथिलीमा बरातीको बिदाइ भनिन्छ। यस दिन बरातीलाई छपन्नवटा भोग व्यञ्जन खुवाइन्छ। लुगा र कोसेली दिई बिदाइ गरेपछि विवाह महोत्सव विधिवत् रूपमा सम्पन्न हुन्छ । रामायणमा तुलसीदासले लेखिएको पंक्ति उधृत गर्दै जानकी मन्दिरका उत्तराधारी महन्थ रामरोशन दास भन्छन्, 'सिया रघुवीर विवाह जे गावही, सुनही तिनहुँ सदा उछाह मंगलाय तन रामजसो।'

बालकाण्डको अन्तिममा लेखिएको यस पंक्तिको अर्थ हो, भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मंगलमय हुन्छ । त्यसैले पनि विवाहपञ्चमी महोत्सव जनकपुरधामका घरघरमा सुनिने, गाइने र वाचन गर्ने गरिन्छ। वर्षौंदेखि जनकपुरधामले धान्दै आएको यो सांस्कृतिक विरासत मिथिलाका अन्य सहरमा फैलिँदै छ।

अघिल्ला वर्षहरूमा महोत्सवमा सहभागी हुन देश-विदेशका विशिष्ट राजनीतिक व्यक्तित्वलाई पनि आमन्त्रित गर्ने गरिन्थ्यो । विशिष्ट व्यक्तिहरूको आगमन हुँदा सर्वसाधारण श्रद्धालुलाई महोत्सव मनाउन समस्या हुन्थ्यो।

**जानकी मन्दिरको इतिहास**

जानकी मन्दिर हिन्दु धर्मावलम्बीहरूको पवित्र तीर्थस्थल हो । जानकी अर्थात् सीताको यस मन्दिरलाई मुगलशैलीमा बनाइएको छ। विदेह राज्यको एक हजार चार सय ८० वर्ग मिटर (१५,९३० वर्ग फिट) क्षेत्रफलमा पूर्णरूपमा चम्किलो सेतो रङमा निर्मित, यो ढुंगा र संगमरमरले बनेको तीनतले संरचना हो। मन्दिरका भित्तामा मिथिला कला (मधुबनी) चित्र छन्। यसका सबै ६० कोठामा नेपालको झन्डा, रंगीन काँच, नक्कासी र चित्रकला, जालीका झ्याल र बुर्जले सजाइएको छ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा अवस्थित जानकी मन्दिर विश्वभरका हिन्दुको आस्थाको केन्द्र हो । हिन्दु धर्ममा लोकप्रिय रहेको रामायणकी सीताको जन्मस्थलमा निर्मित यो मन्दिर भव्य र आकर्षक छ। भारतको मध्य प्रदेशस्थित टिकमगढकी राजकुमारी वृषभानु कुँवरीले नौ लाख चाँदीका असर्फी खर्चेर निर्माण गराएको मन्दिर भएकाले यसलाई नौलखा मन्दिर पनि भनिन्छ। सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा मन्दिर निर्माण पूरा भएको थियो । मन्दिर मिथिलाञ्चलवासीका लागि सांस्कृतिक धरोहर पनि हो। मन्दिरको वार्षिक क्यालेन्डरअनुसार जन्मदेखि मृत्युसम्म प्रायः सम्पूर्ण क्रियाकलाप मिथिला विधिअनुरूप हुने गरेको छ। राम जन्मका अवसरमा हरेक चैतमा रामनवमी, वैशाखमा जानकी नवमी, मंसिरमा रामजानकी विवाह महोत्सव, असोज पूर्णिमामा कोजाग्रत, साउन-भदौमा झुला, फागुनमा परिक्रमालगायत मनाइनु यसका उदाहरण हुन् । प्रत्येक महिनाका पूर्णिमामा हजारौं भक्तजन सहभागी हुन्छन्। यस मन्दिरलाई नेपाल सरकारले विश्व सम्पदा क्षेत्रमा सूचीकृत गर्न प्रयास गरिरहेको छ।

रामायणअनुसार राजा जनकले मिथिलाको तत्कालीन राजधानी जनकपुरधाम क्षेत्रबाट विदेह राज्यमा शासन गरेका थिए । उनकी छोरी, जानकी (सीता), आफ्नो स्वयम्बर (दुलहा छनोट समारोह) को समयमा, रामलाई आफ्नो पतिको रूपमा रोजिन् र अयोध्याकी रानी बनिन् । उनीहरूको विवाह समारोह पाँचौं शताब्दीमा यस मन्दिरसँग जोडिएको पुरातन विवाह मण्डपमा भएको मानिन्छ। जसलाई पछि अमर सिंह थापाले मर्मत र पुनर्निर्माण गरेका थिए । यो साइटलाई सन् २००८ मा युनेस्को अस्थायी साइटको रूपमा नामाकरण गरिएको थियो।

विसं १४१७ मा भारतको राजधानस्थित लोहागढबाट जनकपुर आएका आदि महन्थ सुरकिशोरदास वैष्णवले राम-जानकीको प्रतिमा फेला पारेको बताइन्छ। १७८४ सालमा मकवानपुरका राजा मानिक सेनले जानकी मन्दिरका नाउँमा १४ सय बिघा दान दिएको लिखत छ।

**रोटी-बेटी जनसम्बन्धको सेतु**

त्रेतायुगमा सीता र रामको जनकपुरधाममा विवाह भएको थियो। यो पर्व त्यही परम्पराको निरन्तरता हो। छोरी सीताको विवाहका लागि पिता जनकले शिवको धनुषमा ताँदो चढाउने प्रतिस्पर्धासहितको स्वयम्बर आयोजना गरेका थिए । अयोध्याका राजकुमार रामले धनुष उचाली ताँदो चढाउन लाग्दा भाँचिएर तीन टुक्रा भएको थियो।

> नेपाल र भारतको 'रोटी-बेटी' सम्बन्ध छ। यसको सुरुवात जानकीले गरेकी थिइन्। यसर्थ यो विवाह महोत्सव दुई देशबिचको सांस्कृतिक सेतु हो।

रामले विवाहको सर्त जितेको हुनाले उनलाई सीताले वरमाला लगाइदिएकी थिइन् । 'पाँच शताब्दी पुरानो परम्परालाई हामीले निरन्तरता दिइरहेका छौं', जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव बताउँछन्।

पहिला अयोध्याबाट जन्ती ल्याउने चलन थिएन । अयोध्याबाट अनौपचारिक रूपमा आउनेलाई जनकपुरवासीले जन्ती मानेर स्वागत गर्थे। 'तर २०६१ सालदेखि अयोध्याबाट विधिवत् जन्ती ल्याउन थालिएको हो', वैष्णव बताउँछन्।

यसका लागि दुई देशका सरकार र खासगरी तत्कालीन विश्व हिन्दु परिषद्का अशोक सिंघलले पहल गरेको उनले बताए । यसरी पहिलोपटक चारपाँच सय गाडीमा जन्ती सजाएर ल्याइएको थियो। रामायणमा जुन बाटोबाट जन्ती गएको उल्लेख थियो, त्यही बाटो भएर जनकपुरधाम पुऱ्याइएको थियो।

जनस्तरमा नेपाल-भारत सम्बन्ध सघन छ । यसलाई 'रोटी-बेटी' को सम्बन्ध भनेर पनि अर्थ्याइन्छ। यसको सुरुवात जानकीले गरेकी थिइन् । त्यसैले विवाह महोत्सव दुई देशबिचको सांस्कृतिक सेतु हो।

# आफूखुसी एन्टिबायोटिक प्रयोग गर्दा हानि

पवित्रा सुनार

*काठमाडौं, मंसिर ८*

तपाईंमा कुनै पनि रोग संक्रमण भएको छ ? चिकित्सकको सल्लाहविना सिधै पसललाट औषधी किनेर प्रयोग गर्नुहुन्छ ? केही दिनमै निको भए बिचैमा छाडिदिनुहुन्छ ? यस्तो बानी तपाईंका लागि हानिकारक हुन्छ। एन्टिबायोटिकको अनुचित प्रयोग भएमा संक्रमित किटाणु झनै बलियो हुने र अर्कोपटक संक्रमण भए त्यही एन्टिबायोटिकले रोग निको हुँदैन। यसको सट्टा थप कडा एन्टिबायोटिक प्रयोग गर्नुपर्ने हुन्छ।

सबैले यस्तै व्यवहार अपनाउँदै गए पूरै वातवरणमा प्रतिजैविक क्षमता बलियो हुन्छ र एन्टिबायोटिकले काम नगर्ने विज्ञहरूले चेतावनी दिएका छन्। सोमबार विश्व एन्टिबायोटिक सचेतना सप्ताहको अन्तिम दिन विज्ञहरूले यस्तो चेतावनी दिएका हुन्। गलत रूपमा एन्टिबायोटिक प्रयोगका कारण जैविक प्रतिरोधी क्षमता बढ्दै गएकाले भविष्यमा एन्टिबायोटिक औषधीकै कमी हुने या उपाय नै नहुने देखिएकोमा उनीहरूले चिन्ता प्रकट गरेका छन्। यसका लागि समयमै हरेक व्यक्ति र निकाय सचेत हुनुपर्ने र नभएमा मानव, पशुपंक्षी र सिंगो वातावरण जोखिममा पर्ने चेतावनी दिए।

विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि विश्व स्वास्थ्य संगठन नेपाल स्वास्थ्य संकट कार्यक्रमका प्रमुख एलिसन गोकोटेनका अनुसार एन्टिबायोटिकको सही प्रयोग गरेनौं भने पछि गएर सानो चोट लागेमा पनि मानिसको मृत्यु हुन सक्छ। एन्टिबायोटिकको गलत असर मानव, पशुपंक्षी र वातवरणमा परेकाले सबै पक्ष सचेत हुन आवश्यक छ। यो समस्याबाट भविष्यमा सुरक्षित हुने हरेक राष्ट्रले आजैबाट नीति तथा कार्यक्रम बनाएर अघि बढ्नुपर्ने उनले सुझाए।

विश्व स्वास्थ्य संगठनकी डा. पल्पसा कंसाकारले जैविक प्रतिरोधको समस्या विश्वमा एक प्रमुख जनस्वास्थ्य समस्याका रूपमा देखा परेको बताइन्। उनका अनुसार विकसित मुलुकको तुलनामा नेपाल तथा दक्षिण एसियाली विकासोन्मुख मुलुकमा एन्टिबायोटिकको अनुचित प्रयोगका कारण जैविक प्रतिरोधी क्षमता (किटाणुसँग लड्ने क्षमता) वृद्धि भइरहेको पाइएको बताइन्। 'बलिया किटाणुको समस्या घरघरमा आइरहेको छ। यो कुनै भूगोलको सिमानाभित्र सीमित छैन', उनले भनिन्।

सन् २०१९ ल्यानसेटमा प्रकाशित प्रतिवेदनअनुसार ६ वटा मुख्य रोग लगाउने जीवको ७० प्रतिशत जैविक प्रतिरोधी समस्याका कारण मृत्यु हुने गरेको छ । एन्टिबायोटिकको उचित प्रयोग नभएमा सन् २०५० सम्ममा एन्टिबायोटिक प्रतिरोधका कारण संक्रमण भई नवजात शिशुको मृत्यु, भोकमरी, गरिबी र मृत्युको स्थिति भयावह हुने प्रतिवेदनले औंल्याएको छ। यो समस्या नियन्त्रणका लागि सन् २०३० सम्ममा विश्वभरि शतप्रतिशत सफा पानीको व्यवस्थापन हुनुपर्ने, ९० प्रतिशत राष्ट्रले विश्व स्वास्थ्य संगठन संक्रमण नियन्त्रण गर्नुपर्ने, वातावरणमा जैविक प्रतिरोधको फैलावट रोक्नुपर्ने जनाएको छ।

नेपालमा एन्टिबायोटिकको प्रतिरोधी क्षमता किटाणुमा बढिरहेका कारण संक्रमण उपचारमा चुनौती बढेको डा. कंसाकारले औंल्याइन्। अस्पतालजन्य संक्रमण अर्को चुनौती बनेको पनि उनको भनाइ छ। शल्यक्रियामा पुगेका, अंग प्रत्यारोपण भएका र लामो समयदेखि उपचार गराइरहेका बिरामीमा यस्तो संक्रमणको प्रभाव देखिन्छ, जसका कारण बर्सेनि धेरैको मृत्यु हुने गरेको डा. कंसाकारले बताइन्। समयमै एन्टिबायोटिकको अनुचित प्रयोग नियन्त्रण हुन नसकेमा भविष्यमा एन्टिबायोटिक नै नपाइने र पाइहालेमा किन्न नसक्ने स्थिति आउने देखिन्छ।

डा. कंसाकारका अनुसार धेरै एन्टिबायोटिकमा प्रतिरोध विकास भइसकेको, विगत ३० वर्षदेखि नयाँ एन्टिबायोटिक उत्पादन हुन नसकेकाले सीमित संख्यामा मात्र एन्टिबायोटिक पाइन्छ । ती एन्टिबायोटिक पनि अनुचित प्रयोग भएमा किटाणुविरुद्ध काम नगरी भविष्यमा मानव संकटमा पर्ने सम्भावना छ। यसकारण आजैबाट सबै राष्ट्रले एन्टिबायोटिकको उचित प्रयोगमा नीति तथा योजना बनाई तुरुन्तै लागु गर्नुपर्ने स्थिति आएको बताइन्।

सोही क्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय औषधी गुणस्तर तथा नियमन विभागकी वरिष्ठ प्रशासक उषा तण्डुकारका विचारमा नेपालले विभिन्न निकायको भूमिका हुने गरी नीति तथा नियम र जिम्मेवारी बनाइसकेको बताइन्। कृषि, स्वास्थ्य तथा वातावरण मन्त्रालयको समन्वयमा क्षेत्रगत जिम्मेवारी बहन हुने गरी ऐन निर्माण भई नीतिगत व्यवस्था भई जैविक प्रतिरोधी नियन्त्रण कार्यक्रम अघि बढेको जानकारी दिइन्। यसका लागि स्वास्थ्य संस्थालाई तालिम, नागरिकको हकमा सचेतना अभियान, नियमन जस्ता कार्यक्रम भइरहेको तण्डुकारले बताइन्।

**एन्टिबायोटिकको उचित प्रयोग गरौं**

चिकित्सकको सिफारिसमा मात्र एन्टिबायोटिक प्रयोग गर्ने, सकेसम्म एन्टिबायोटिक प्रयोग नगर्ने, आफूले प्रयोग गर्दागर्दै बाँकी रहेको एन्टिबायोटिक अरूलाई नदिने, संक्रमणबाट बच्न हातको सफाइ, सम्पर्कबाट टाढा बस्ने, संक्रमणजन्य रोगविरुद्ध खोप लिने, सुरक्षित यौन सम्पर्कको अभ्यास गर्ने, सफा खानपानमा ध्यान दिई कुनै पनि संक्रमणबाट बचौं। कारणवश संक्रमण भएमा चिकित्सकको निगरानीमा मात्र एन्टिबायोटिक प्रयोग गरौं।

## Molung Rural Municipality
### Office of the Rural Municipal Executive
**Prapcha, Okhaldhunga**

## Invitation for Bids

Invitation for Bids for works described as below.
First Date of Publication:25-11-2025

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following works under NCB.

For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S.N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (Including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1 | Bakhre Talkot Road Maintenance Project | 01/NCB/WORKS/ MRM/082/83 | 26-12-2025 12:00 | 97,75,441.13 | 2,17,000 | 3000 |
| 2 | Rampur Ragadip Prasasakiya Bhawan Road Maintenance Project | 02/NCB/WORKS/ MRM/082/83 | 26-12-2025 12:00 | 1,01,91,323.19 | 2,26,000 | 3000 |
| 3 | Dhamala Gau Yakikrit Purbadhar Nirman and Kuntadevi Pasaldada road Maintenance project | 03/NCB/WORKS/ MRM/082/83 | 26-12-2025 12:00 | 1,06,64,339.52 | 2,36,000 | 3000 |

## Mudkechula Rural Municipality
### Office Of the Rural Municipal Executive
**Narku, Dolpa**
**Karnali Province, Nepal**

## Invitation for Bids, Notice

**(Date of Publication:-2082/08/09(2025-11-25A.D.))**

1. Mudkechula Rural Municipality Office NarkuDolpa Invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S.No. | Contract ID.No | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS) | Bid Security Amount (NRs) | Bidding Document Fee(NRs) | Bid Validity/Bid Security Validity Period | Last Date and time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ Works/03-2082/083 | Construction of dhal nikaskarya Sura,Sarmi & Okta in Mudkechula - 05, 07, 08 Dolpa | 8,693,350.83 | 2,35,000.00 | 3,000.00 | 90days/120 days from the last date of bid submission | 2082/09/11 (2025/12/26 A.D.) 12:00 Noon Online | 2082/09/11(2025/12/26 A.D.) 2:00 PM MRM Office |
| 2. | MRM/NCB/ Works/04-2082/083 | Construction of Tatabandhan-KaryaIlla,Narku&Horta in Mudkechula-04,06,09 Dolpa | 7,572,150.74 | 2,05,000.00 | 3,000.00 | 90days/120 days from the last date of bid submission | 2082/09/11 (2025/112/26 A.D.) 12:00 Noon Online | 2082/09/11(2025/12/26 A.D.) 2:00 PM MRM Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| RastriyaBanijya Bank Ltd. | Mudkechula Rural Municipality, Narku-Dolpa | MUDKECHULA GA.PA.(Ga-1-1)-Aantarik 4520100301010002 | 801066107 |

3. Eligible bidders may obtain further information from(www.bolpatra.gov.np.egp) Website of Public Procurement Monitoring Office(PPMO)